# एकाइ १

# भौगोलिक परिचय

**यस एकाइको  अन्त्यमा विद्यार्थीहरु निम्न लिखित सक्षमताहरु हासिल गर्नेछन्:**

१. मादी गाँउपालिकाको भौगोलिक र सापेक्षित अवस्थिति उल्लेख गर्न र नक्सा बनाइ देखाउन,

२. मादी गाँउपालिकाको ऐतिहासिक चिनारी, नामाकरण र मुख्य मुख्य विशेषताहरु बारे जानकारी दिन,

३. मादी गाँउपालिकाको धरातलीय स्वरुपको विवरण दिन र आफ्नो वडालाई धरातलीय स्वरुपको आधारमा विभाजन गरी वर्णन गर्न

## पाठ १

## मादी गाँउपालिकाको भौगोलिक अवस्थिति, क्षेत्रफल र सिमाना

**यस पाठको अन्त्यमा विद्यार्थीहरु निम्न लिखित कार्य गर्न सक्षम हुनेछन्:**


क) मादी गाँउपालिकाको अवस्थिति, सिमाना र क्षेत्रफल बताउन,

ख) मादी गाँउपालिकाको नक्सा कोरी सापेक्षित अवस्थिति देखाउन,

ग) आफू बसेको वडाको नक्सा कोरी वडाको सापेक्षित अवस्थिति देखाउन

मादी गाँउपालिका नेपालको गण्डकी प्रदेश अन्तर्गत कास्की जिल्लाको उत्तर- पूर्वी भागमा रहेको छ। पोखरा महानगर पालिका र मादी गाँउपालिकाको सिमानामा रहेको विजयपुर खोलाको सुनपँदेलीबाट यस गाँउपालिकाको केन्द्र याङ्जाकोट १४ किलोमिटर उत्तर पूर्व दिशामा छ। यो गाउँपालिकाको उचाइ समुन्द्र सतहदेखि ५२० मिटरदेखि ७९३७ मिटरसम्म छ। अन्नपूर्ण दोस्रो हिमाल यस गाउँपालिकाको सर्वोच्च भाग हो। इटाकार रुपमा रहेको यस गाउँपालिकाको उत्तर- दक्षिण लम्बाइ ३६.७ किलोमिटर छ भने पूर्व-पश्चिम चौडाइ १७.५ किलोमिटर छ। यसरी हेर्दा यस गाँउपालिकाको लम्बाइ चौडाइ भन्दा दोब्बर बढी छ। मादी गाँउपालिकाको कुल क्षेत्रफल ५६३ वर्ग किलोमिटर छ जुन कास्की जिल्लाको कुल क्षेत्रफलको २७% हुन आँउछ।

मादी गाँउपालिकाको भौगोलिक अवस्थिति २८°११´उत्तर अक्षांशदेखि २८°३२´उत्तर अक्षांशसम्म र ८४°०१´पूर्वदेखि ८४°१७´पूर्व देशान्तरको बीचमा पर्दछ। यस गाँउपालिकाको पूर्वमा




लम्जुङ जिल्लाको क्होलासोंथर गाँउपालिका, मर्स्याङ्दी गाँउपालिका र मध्य नेपाल नगरपालिका रहेका छन्। त्यस्तै पश्चिममा कास्की जिल्लाकै माछापुच्छ्रे गाँउपालिका र पोखरा महानगर पालिका, उत्तरमा मनाङ जिल्लाका चामे र नेस्याङ गाँउपालिका एवम् दक्षिणमा

कास्की जिल्लाको पोखरा महानगरपालिका र रुपा गाँउपालिका पर्दछन्। यो गाँउपालिकाको सापेक्षित अवस्थिति हो। यस गाँउपालिकाको पूर्वमा रुदी खोला, पश्चिममा विजयपुर खोला, उत्तरमा अन्नपूर्ण हिमशृङ्खला र दक्षिणमा विभिन्न खोलाखोल्सीहरु सिमानाको रुपमा रहेका छन्।

-----------------------------------------------------------------------------------------

## शिक्षण सुझाव

सिकाइलाई अर्थपूर्ण बनाउन नक्सामा दिइएको स्केललाई प्रयोग गरी दुरी पत्ता लगाउने, उत्तर रेखा (North Line) को आधारमा दिशा पत्ता लगाउने, अक्षांश र देशान्तरको अर्थ सिकाइ भौगोलिक अवस्थिति र सापेक्षित अवस्थितिको अवधारणा बारे प्रष्ट पार्ने , ग्राफ विधि प्रयोग गरी नक्सा उतार्ने र ठुलो वा सानो बनाउने कार्यहरु कक्षामा अभ्यास गर्ने

---

## क्रियाकलापहरु

१. पाठ्यसामाग्रीमा रहेको मादी गाँउपालिकाको नक्सालाई ट्रेस वा कार्वन गरी छुट्टै पानामा उतार्नुहोस्, ग्राफ विधि प्रयोग गरी त्यस्तै अर्को नक्सा तयार गर्नुहोस् र गाउँपालिकाको सापेक्षीत अवस्थति देखाउनुहोस्।

२. पाठ्यसामाग्रीमा रहेको नक्साबाट आफू बसेको वडाको नक्सा उतारी सापेक्षित अवस्थिति देखाउनुहोस्।

३. विद्यालयमा भएको नक्सा वा एटलसको प्रयोग गरी नेपालको भौगोलिक र सापेक्षित अवस्थिति पत्ता लगाई नोट गर्नुहोस्।

## अभ्यास

१. मादी गाँउपालिका कास्की जिल्लाको कुन भागमा अवस्थित छ?

२. मादी गाँउपालिकाको आकार कस्तो छ? यसको पुर्व- पश्चिम र उत्तर दक्षिण लम्बाइ र चौडाइ लेख्नुहोस् ?

३. भौगोलिक र सापेक्षित अवस्थितिमा के फरक छ? मादी गाँउपालिकाको भौगोलिक र सापेक्षित अवस्थिति लेख्नुहोस् ।

४. तपाईं बसोवास गरिरहेको वडाको पूर्व, पश्चिम, उत्तर र दक्षिणमा कुन कुन गाँउपालिका र नगरपालिकाका कुन कुन वडाहरु पर्दछन्? लेख्नुहोस्।

## परियोजना कार्य

तल दिइएको कास्की जिल्लामा मादी गाँउपालिकाको नक्सालाई ग्राफ विधि प्रयोग गरी चार्टपेपरमा देखाउनुहोस्।




## मादी गाँउपालिकाको ऐतिहासिक चिनारी, नामाकरण र विशेषताहरु

**यस पाठको अन्त्यमा विद्यार्थीहरु निम्न लिखित काम गर्न सक्षम हुनेछन्:**

**१.** मादी गाँउपालिकाको ऐतिहासिक चिनारी र नामाकरणको कारण बताउन,

२. मादी गाँउपालिकाको मुख्य मुख्य विशेषताहरु सूचीकृत गर्न,

३. आफू बसेको बस्तीको नामाकरणको कारण र विशेषताहरु उल्लेख गर्न

हिमालय मिलन माध्यमिक विद्यालय

ताङतिङ, मादी

२०७६ भाद्र ०३

प्रिय साथी कृषा,

नमस्कार!

तिम्रो पत्र पाएँ, खुसी लाग्यो। पत्रमा तिमीले मिर्मी, तानसेन, लुम्बिनी, सिजिधाम, मौलाकाली, देवघाट र मर्स्याङ्दी जलविद्युत आयोजनाको शैक्षिक भ्रमणको विवरण लेखेकी रहिछौ, रुचिकर र ज्ञानवर्धक लाग्यो। हाम्रो विद्यालयमा यस वर्षदेखि स्थानीय पाठ्यक्रमको रुपमा हाम्रै गाँउपालिकाको परिचयको पठन पाठन सुरु गरिएको छ। यस पत्रमा म हाम्रो कक्षामा त्यस विषयको  शिक्षण-सिकाइ कसरी भइरहेको छ भन्ने बारेमा आफ्ना अनुभवहरु तिमीलाई बताउन गइरहेकी छु।

आज हामीले सिकेको पाठ "मादी गाँउपालिकाको ऐतिहासिक चिनारी, नामाकरण र विशेषताहरु" थियो। तेस्रो घण्टी लाग्ने बित्तिकै कक्षा कोठामा  हाम्रो बिषय शिक्षकका अतिरिक्त एकजना अपरिचित व्यक्तिको पनि आगमन भयो। हामीहरुले उहाँहरु दुवैलाई अभिवादन गरेपछि शिक्षकले स्थानीय बुध्दिजिवि श्री रोशन गुरुङलाई हामी माझ आजको पाठको स्रोत व्यक्तिको रुपमा परिचित गराउनुभयो र हामीहरुलाई आजको पाठसँग सम्बन्धित भएर उहाँसँग प्रश्नहरु सोध्न आग्रह गर्नुभयो। विद्यार्थीहरुले उहाँ समक्ष सोधेका प्रमुख प्रश्नहरु यस प्रकारका थिए:

- मादी गाँउपालिकाको आधिकारिक घोषणा कहिले गरिएको थियो?
- वर्तमान मादी गाँउपालिकामा समेटिएको क्षेत्र विगतमा कुन राजनैतिक एकाइको अन्तर्गत थियो?
- यस गाँउपालिकाको नामाकरण किन मादी गाँउपालिका गरिएको होला?
- यस गाँउपालिकाका मुख्य मुख्य विशेषताहरु के के हुन्?

उल्लेखित प्रश्नहरु सेतोपाटीमा टिपी सकेपछि स्रोत व्यक्तिले प्रत्येक प्रश्नहरुको सिलसिलेवार जवाफ दिनुभयो जसको टिपोट मैले निम्न लिखित उप-शीर्षक अन्तर्गत गरेकी छु:

## *मादी गाँउपालिकाको घोषणा र ऐतिहासिक पृष्टभूमि*

*मादी गाँउपालिकाको विधिवत घोषणा नेपाल सरकारले २०७३ फल्गुण २७ का दिन गरेको हो। यस गाँउपालिकाले कास्की जिल्लाका साविकका नामार्जुन, पार्चे, सिल्दजुरे, भाचोक, मिजुरेडाँडा, थुमाको डाँडा र सैम-याङ्‌ गरी ७ वटा गाँउपालिकाहरुको सम्पूर्ण क्षेत्रलाई र साविक कालिका गाविसका ३, माझठाना र हंशपुर गाविसका २/२ वडाहरु समेटेको छ। मादी उत्तरका ताङतिङदेखि रवै डाँडासम्मका (वरालडाँडा, ठुल्दुङ्गो र तल्लो साप्ले बाहेकका) ताङ्तिङ, याङ्जाकोट, भाचोक, वार्चोक, सैम-याङ, मिजुरेलाई 'नयाँ कास्की' वा 'छ गाँउ लम्जुङ' भनेर पनि चिनिन्छ जुन वि.सं. २०३२ भन्दा अगाडि लम्जुङ जिल्ला अन्तर्गत थिए।*

## *मादी गाँउपालिकाको नामाकरण*

*मादी गाँउपालिका यस गाँउपालिकाका उच्च शिखरहरु अन्नपूर्ण दोश्रो र चौथो हिमालको दक्षिण काखबाट उत्पत्ति भई गाँउपालिकाको समृद्धिको आधारको रुपमा रहेको मादी नदीको नामबाट नामाकरण गरिएको हो। यो नदी सप्तगण्डकीको सहायक नदी हो।*

## *मादी गाँउपालिकाका विशेषताहरु*

*मादी गाँउपालिका भौगोलिक, सांस्कृतिक, ऐतिहासिक एवम् पुरातात्विक दृष्टिकोणले थुप्रै विशेषताहरु बोकेको गाँउपालिका हो।यस गाँउपालिकाका मुख्य विशेषताहरु यस प्रकार छन्:*

- *मादी गाँउपालिका गण्डकी प्रदेशको एक मात्र १२ वटा वडाहरु भएको गाँउपालिका हो। नेपालमा १२ र सो भन्दा बढी वडाहरु भएका जम्मा ६ वटा गाँउपलिकाहरु छन्।*
- *अक्षांश र देशान्तर रेखाहरुको आधारमा हेर्दा नेपालको मध्य विन्दु ( Mid- Point ) मादी गाँउपालिकाको कोरी डाँडामा अवस्थित छ।*
- *मादी गाँउपालिकाको उत्तर- दक्षिण जम्मा ३६.५ किलोमिटरको दुरीभित्र समुन्द्र सतहदेखि ५२० मिटर (मादी र रुदी नदीको दोभान नजिकै) देखि ७९३७ मिटर ( अन्नपूर्ण दोश्रो ) सम्मको भू-भाग रहेको छ।*
- *मादी गाँउपालिकाको ५६३ वर्ग किलोमिटर क्षेत्रभित्र विभिन्न प्रकारका धरातलीय स्वरुपहरु, हावापानी, वनस्पति र जैविक विविधता पाइन्छ।*
- *जनजातिको बलियो उपस्थिति ( जनसंख्याको करिव ४४% ) रहेको यस गाँउपालिकामा गुरुङ जातिको ऐतिहासिक बस्ती **क्होला सोंथर** रहेको मानिन्छ।*
- *यस गाँउपालिकाको हिमाली क्षेत्रमा समुन्द्र सतहदेखि २४३५ मिटरको न्यून उचाइमा बनेको **क्हपुचे हिमताल** र अन्नपूर्ण हिमश्रृङ्खला पार गर्न सकिने **नामुन भञ्ज्याङ** छन्।*

*तिमी पनि कक्षा ६ मा पढ्ने हुनाले यी कुराहरु पनि उपयोगी हुने ठानेर प्रेषित गरेकी छु। ल त साथी, अर्को पत्रमा र टेलिफोन मार्फत थप कुरा गर्दै गरौला। तिमी पनि आफ्ना सिकाइ र अनुभवका कुराहरु लेख्दै गर ल!*
*तिम्रो माया गर्ने साथी*
*एलिना गुरुङ*
( सम्वभ भए सम्म विशेषताको रुपमा उल्लेखित गरिएका ठाँउहरुको फोटो वा चित्र राख्ने)

---

## शिक्षण सुझाव

पाठमा दिइएको पत्र विद्यार्थीलाई पढ्न लगाउनुहोस्। विद्यार्थीहरुलाई तीन समूहमा विभाजन गरी समूह 'क', समूह 'ख' र समूह 'ग' नाम दिनुहोस्। समूह 'क' लाई मादी गाँउपालिकाको घोषणा र ऐतिहासिक पृष्टभूमि, समूह 'ख' लाई मादी गाँउपालिकाको नामाकरण र समूह 'ग' लाई मादी गाँउपालिकाका विशेषताहरुमा छलफल गर्न लगाएर कक्षामा छलफलको निचोड सुनाउन लगाउनुहोस्।

---------------------------------------------------------------------------------------------

## क्रियाकलापहरु

१. तपाईंले बसोवास गर्दै आउनु भएको बस्तीको ऐतिहासिक चिनारी, नामाकरण र विशेषताहरु उल्लेख गर्दै आफ्नो मन पर्ने साथीलाई चिठ्ठी लेख्नुहोस्।

२. मादी गाँउपालिकाका मुख्य मुख्य विशेषताहरु समेट्ने गरी संवाद वा गीत लेखी कक्षामा प्रस्तुत गर्नुहोस्।

## अभ्यास

तलका प्रश्नहरुको उत्तर दिनुहोस्:

१. मादी गाँउपालिकामा स्थानीय बिषयको पठन- पाठन किन सुरु गरिएको होला?

२. स्रोत व्यक्ति भनेर कस्तो व्यक्तिलाई भनिन्छ?

३. 'नयाँ कास्की' भनेर मादी गाँउपालिकाको कुन भागलाई भनिन्छ? किन?

४. मादी गाँउपालिकाको नाम किन मादी राखिएको हो? मादी भन्दा कुनै अर्को नाम उपयुक्त हुन्थ्यो कि? किन?

५. तपाईं वसोवास गरेको बस्ती हाल मादी गाँउपालिकाको कुन वडामा छ? यो वस्ती साविकको कुन वडाको कुन गाविस अन्तर्गत थियो?

## परियोजना कार्य

१. मादी गाँउपालिकाका विशेषताहरुलाई सफा, राम्रा र आकर्षक अक्षरहरुमा चार्टपेपरमा लेखी उत्कृष्ट चार्टपेपरलाई विद्यालयको सुचनापाटीमा प्रदर्शन गर्नुहोस्।

पाठ ३


# मादी गाँउपालिकाको भौगोलिक अवस्था

यस पाठको अन्यमा विद्यार्थीहरु निम्न लिखित कार्य गर्न सक्षम हुनेछन्:


१. मादी गाँउपालिकाको नक्सा कोरेर पहाडी र हिमाली क्षेत्र देखाउन,

२. मादी गाँउपालिकाका प्रत्येक भौगोलिक क्षेत्रहरु र उप-क्षेत्रहरुको छुट्टा छुट्टै वर्णन गर्न र एक आपसमा तुलना गर्न,

३.आफू बसेको वडाको भौगोलिक स्वरुपको आधारमा विभाजन गरी वर्णन गर्न



मादी गाँउपालिका (१००%)
हिमाली क्षेत्र(३४.४%)
पहाडी क्षेत्र(६५.६%)
मुख्य हिमाली क्षेत्र(२१%)
हिमाली लेक फाँट क्षेत्र(१३.४%)
उच्च पर्वतीय क्षेत्र(२८%)
टारी,पाखा र होचा डाँडा क्षेत्र(३४.३%)
नदी वेंसी र टार क्षेत्र(३.३%)


मादी गाउंपालिका
भू-बनोट
N
संकेत
गापा सिमाना
वडा सीमाना
भू-बनोट प्रकार
नदी, बेंसी तथा टार
टारी, पाखा तथा डांडा
महाभारत लेक
हिमाली लेकफाट
मुख्य हिमालय
3.5 1.75 0 3.5
Km.

| हिमाली क्षेत्र | पहाडी क्षेत्र |
| --- | --- |
| • मादी गाँउपालिकाको उत्तरको भाग हिमाली क्षेत्र अन्तर्गत पर्दछ। यस क्षेत्रले गाँउपालिकाको झण्डै एक तिहाइ भाग (३४.४%) ओगटेको छ।<br>• यो क्षेत्र समुन्द्र सतहदेखि ३३०० देखि ७९३७ मिटरसम्मको उचाइमा रहेको छ।<br>• यो क्षेत्रलाई मुख्य हिमाली क्षेत्र र हिमाली लेक फाँट क्षेत्र गरी दुई उप क्षेत्रमा विभाजन गर्न सकिन्छ।<br>• मुख्य हिमाली क्षेत्रको ५००० मिटरभन्दा माथिको भागमा नाङ्गा र हिउँले ढाकिएका अग्ला पहाडहरु छन्।<br>• मुख्य हिमाली क्षेत्रमा प्रसिद्ध अन्नपूर्ण दोस्रो (७९३७ मिटर), अन्नपूर्ण चौथो (७५२५ मिटर),र लमजुङ हिमाल (६९५३ मिटर) जस्ता हिमशिखरहरु पर्दछन्। अन्नपूर्ण हिमश्रृङ्खला पार गर्न सकिने नामुन भञ्ज्याङ (५४९६ मिटर) पनि यसै क्षेत्रमा पर्दछ।<br>• हिमाली क्षेत्रको तल्लो भागमा हिमाली लेक र फाँटहरु छन्।यस उप-क्षेत्रको उत्तर-पश्चिमी खण्ड ठाडो भिरालो क्षेत्र भएकोले मानव पहुँचभन्दा बाहिर छ भने उत्तर पूर्वी खण्ड समथर लेकाली फाँटको रुपमा रहेकोछ। यहाँ कुण्ड, दह, पोखरी, हिमताल, मुल्यवान जडिबुटी, चराचुरुङ्गी र दुर्लभ वन्यजन्तुहरु पाइन्छ। यो क्षेत्र मादी गाँउपालिकाको समृध्दिको आधार हुन सक्छ।<br>• हिमाली क्षेत्रमा स्थायी मानव बस्तीहरु छैनन्। | • मादी गाँउपालिकाको दक्षिणको भाग पहाडी क्षेत्र अन्तर्गत पर्दछ। यस क्षेत्रले गाँउपालिकाको झण्डै दुई तिहाइ भाग (६५.६%) ओगटेको छ।<br>• यो क्षेत्र समुन्द्र सतहदेखि ५२० देखि ३३०० मिटरसम्मको उचाइमा रहेको छ।<br>• यो क्षेत्रलाई उच्च पर्वतीय क्षेत्र, टारी, पाखा र होचा डाँडा क्षेत्र र नदी वेंसी क्षेत्र गरी तीन उप क्षेत्रमा विभाजन गर्न सकिन्छ।<br>• यस क्षेत्रको २१०० मिटरदेखि ३३०० मिटरको उचाइमा उच्च पहाडी उप- क्षेत्र छ। यो क्षेत्र खर्क र वनजङ्गलले ढाकिएको छ। यहाँ पर्यटकीय महत्वका क्होलासोंथर र क्हपुचे ताल रहेका छन्।<br>• यस क्षेत्रको ८०० मिटरदेखि २१०० मिटरको उचाइमा टारी, पाखोवारी र होचा डाँडा उप- क्षेत्र छ। यो क्षेत्र वस्ती, खेतीयोग्य भूमि र जङ्गलद्वारा ढाकिएको छ। यस क्षेत्रमा धान, मकै, गहुँ, तोरी, कोदो, तरकारी र फलफुलको उत्पादन हुन्छ।<br>• पहाडी क्षेत्रको ८०० मिटर भन्दा होचो सीमित भागमा नदी निर्मित वेंसीहरु छन्। यी वेंसीहरु गाँउपालिकाका उब्जाउ कृषियोग्य भूमि हुन् जहाँ वर्षमा तीन वाली खेती गरिन्छ। धान, मकै र गहुँ यस क्षेत्रमा उत्पादन हुने प्रमुख वाली हुन्। मादी वेंसी, भैंसे, कसेरी, थुम्सिकोट, मकैखोला वेंसी, गहते, मौरी वेंसी, दोभान, यहाँका प्रमुख नदी वेंसीहरु हुन्।<br>• पहाडी क्षेत्रमा विभिन्न जनजातिका वस्तीहरु छन्। |

| | |
|---|---|
| | |

---------------------------------------------------------------------------------------------

## शिक्षण सुझाव

मादी गाँउपालिकाको भौगोलिक स्वरुप देखाइएको नक्सा, चार्ट र दुई क्षेत्रको तुलनात्मक तालिकाको आधारमा विद्यार्थीहरुलाई छलफल गर्न लगाउनुहोस् र प्रत्येक क्षेत्र र उप-क्षेत्रहरुको छुट्टा छुट्टै वर्णन गर्न लगाउनुहोस्।

---

## क्रियाकलापहरु

१. मादी गाँउपालिकाको नक्सा कोरी त्यसमा पहाडी क्षेत्र र हिमाली क्षेत्रलाई छुट्टा छुट्टै रंग भरी वा संकेत दिई कक्षामा प्रदर्शन गर्नुहोस्।

२. तपाईं मादी गाँउपालिकाको कुन क्षेत्र र उप-क्षेत्रमा बस्नुहुन्छ? आफ्नो भौगोलिक क्षेत्रको वर्णन गर्दै मिल्ने साथीलाई चिठ्ठी लेख्नुहोस्।

३. मादी गाँउपालिकाको नक्साबाट आफ्नो वडाको नक्सा उतार्नुहोस्। ग्राफ विधि प्रयोग गरी उक्त नक्सालाई ठुलो बनाउनुहोस् र भिन्न रंग वा संकेत प्रयोग गरी विभिन्न उप-क्षेत्रहरु देखाउनुहोस्।

## अभ्यास

निम्न लिखित प्रश्नहरुको उत्तर दिनुहोस्:

१. मादी गाँउपालिकाको हिमाली क्षेत्र र पहाडी क्षेत्रका बीच चार वटा फरकहरु देखाउनुहोस्।

२. मादी गाँउपालिकाको बेंसी उप-क्षेत्रका विशेषताहरु लेख्नुहोस्।

३. " हिमाली क्षेत्र मादी गाँउपालिकाको समृध्दिको आधार बन्न सक्छ।" किन?

४. हिमाली क्षेत्रमा किन स्थायी वस्तीहरु नभएको होला?

## सामुदायिक कार्य

१. तपाईंको घर वरिपरि वसोवास गर्ने ५ जना वयस्क व्यक्तिहरुलाई भेट्नुहोस् र तपाईं बसेको भौगोलिक क्षेत्रका मुख्य मुख्य समस्याहरु र सम्वाभनाहरु सोधी आकर्षक तालिकामा प्रस्तुत गर्नुहोस्।